# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, भदौ १३ गते २०४२ साल ( अतिरिक्ताङ्क २६

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ

२०४२ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## लुम्बिनी विकास कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः लुम्बिनीको विकास गर्ने लक्ष्य र आदर्शलाई बढी प्रभावकारी बनाउने श्री ५ को सरकारको कटिबद्धतालाई विश्व जनसमक्ष प्रस्तुत गर्न र सो अनुरूप लुम्बिनी विकास योजनालाई बढी समन्वयात्मक र सुचारू रूपले सञ्चालन गर्न लुम्बिनी विकास कोषको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "लुम्बिनी विकास कोष ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "लुम्बिनी" भन्नाले भगवान बुद्धको जन्मस्थल सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको लुम्बिनी विकास कोष सम्झनुपर्छ ।

(ग) "संरक्षक" भन्नाले कोषको संरक्षक सम्झनुपर्छ ।

(घ) "सञ्चालक समिति" भन्नाले यस ऐनबमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनुपर्छ ।

(ङ) "योजना कार्यान्वियन समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको योजना कार्यान्वियन समिति सम्झनुपर्छ ।

(च) "अध्यक्ष" भन्नाले कोषको अध्यक्ष सम्झनुपर्छ ।

(छ) "सदस्य" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले सदस्य-सचिव तथा अध्यक्षसमेतलाई जनाउँछ ।

(ज) "योजना" भन्नाले लुम्बिनी विकास योजना सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. कोषको स्थापनाः (१) लुम्बिनीको विकासको लागि लुम्बिनी विकास कोष नामको एक कोष स्थापना हुनेछ । सो कोष मुनाफा कमाउने उद्देश्य नभएको एक संस्था हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) लुम्बिनी विकास कोषलाई अंग्रेजी भाषामा "लुम्बिनी डेभलपमेण्ट ट्रष्ट" भनिनेछ ।

४. कोष स्वशासित संस्था हुने (१) कोष अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) कोषको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच-बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कोषले व्यक्तिसरह नालिस उजुर गर्न र कोषउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. संरक्षकः श्री ५ महाराजाधिराज कोषको संरक्षक होइबक्सने छ ।

६. कोषको उद्देश्यः कोषको उद्देश्य देहायबमोजिम हुनेछः–

(क) योजनाको निमित्त नेपाल अधिराज्यभित्र वा बाहिर कुनै क्षेत्रबाट नगदी, जिन्सी वा अन्य कुनै प्रकारको सहायता उपलब्ध गर्ने, गराउने,

(ख) योजनाको निमित्त नेपाल अधिराज्यभित्र वा बाहिर चन्दा सङ्कलन गर्ने, गराउने,

(ग) योजनाको निमित्त सहायता उपलब्ध गर्न वा चन्दा प्राप्त गर्न नेपाल अधिराज्यभित्र वा बाहिरका व्यक्ति वा संस्थाहरूसित सोझै सम्पर्क राख्ने,

(घ) कार्य योजनाहरूको विश्लेषण गरी स्वीकृत योजनाको लागि रकम उपलब्ध गराउने,

(ङ) सञ्चालक समितिले स्वीकृत गरेबमोजिम निर्धारित कार्यक्रमको लागि छुट्याइएको रकम उचित तरीकाले प्रयोग गरेको छ छैन, जाँच गर्न सदस्य वा अन्य कुनै व्यक्तिलाई पठाउने,

(च) योजनाको हितको लागि आवश्यक देखेमा कार्य योजनामा हेरफेर गर्ने,

(छ) योजनाको उद्देश्य पूर्तिको लागि नेपाल अधिराज्यभित्र वा बाहिर आवश्यकतानुसार समिति तथा उपसमितिहरू गठन गर्ने,

(ज) खण्ड (छ) बमोजिम गठित समिति तथा उपसमितिहरूको काम कारवाहीको मूल्याङ्कन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) खण्ड (छ) बमोजिम गठित समिति तथा उपसमितिहरूको निमित्त नीति निर्धारण गरी मार्गदर्शन दिने,

(ञ) श्री ५ को सरकारसित निकटतम् एवं सहयोगात्मक सम्बन्ध कायम गर्ने,

(ट) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने, गराउने ।

७. अध्यक्षको मनोनयनः संरक्षकबाट कोषको अध्यक्ष मनोनयन हुनेछ ।

८. कोष सञ्चालक समितिको गठन : (१) कोषको सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्न एक कोष सञ्चालक समिति (बोर्ड अफ ट्रष्टिज) गठन हुनेछ ।

(२) सञ्चालक समितिमा अध्यक्षबाट मनोनीत भएका देहायका सदस्यहरू रहनेछन्:–

(क) श्री ५ को सरकारका सचिवहरूमध्येबाट पाँचजना सचिवहरू – सदस्य

(ख) सरकारी तथा गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू-मध्येबाट तीनजना व्यक्तिहरू – सदस्य

(ग) अन्तर्राष्ट्रिय संस्थाहरूका प्रतिनिधिहरू र मानव निर्मित सम्पदा संरक्षणमा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट चारजना व्यक्तिहरू – सदस्य

(घ) कोषको लागि उपयुक्त तीनजना व्यक्तिहरू – सदस्य

(ङ) तोकिदिएको एकजना व्यक्ति – सदस्य-सचिव

(३) संचालक समितिको बैठकको अध्यक्षता कोषको अध्यक्षबाट हुनेछ ।

९. पदावधिः (१) अध्यक्ष, सदस्य-सचिव र सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू दफा ७ वा ८ बमोजिम पुनः मनोनयन हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै अध्यक्ष वा कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ७ वा ८ बमोजिम अर्को अध्यक्ष वा सदस्य मनोनीत हुनेछ ।

(३) पदावधि समाप्त नहुँदै अध्यक्ष वा कुनै सदस्यले पद त्याग गर्न चाहेमा अध्यक्षले संरक्षक समक्ष र सदस्यले अध्यक्ष समक्ष राजीनामा पेश गर्नु पर्नेछ। राजीनामा स्वीकृत भएपछि अध्यक्ष वा सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य सुचारू रूपले पालन गरेको छैन भन्ने अध्यक्षलाई लागेमा अध्यक्षले संरक्षकको स्वीकृति लिई त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

१०. संरक्षकको विशेष अधिकारः विशेष अवस्थामा संरक्षकले चाहेमा भैरहेको सञ्चालक समिति विघटन गरी उपयुक्त सम्झेका व्यक्तिहरूलाई मात्र मनोनीत गरी सञ्चालक समिति गठन गर्न सक्नेछ ।

११. सञ्चालक समितिको बैठकः (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी सञ्चालक समितिको बैठक बोलाउने छ ।

(२) अध्यक्षको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) बैठक बस्ने सूचना साधारणतया एक महिना अगावै दिनु पर्नेछ ।

(४) छ जना सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

(६) सञ्चालक समितिको बैठक साधारणतया वर्षको दुई पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा बढी बैठकहरू बोलाउन सकिने छ ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) सदस्यहरूले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

(९) यस दफामा लेखिएदेखि बाहेक बैठकको अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१२. योजना कार्यान्वयन समितिः (१) सञ्चालक समितिको रेखदेख, निर्देशन र नियन्त्रणमा रही योजना कार्यान्वयन गर्न कोषको कार्यालयमा योजना कार्यान्वयन समिति गठन हुनेछ ।

(२) योजना कार्यान्वयन समितिमा अध्यक्षले मनोनीत गरेका व्यक्तिहरू रहनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम योजना कार्यान्वयन समिति गठन नभएसम्म यो ऐन प्रारम्भ हुँदाको बखत रहेको लुम्बिनी विकास समितिले यसै ऐनबमोजिम उक्त समितिको रूपमा काम गर्नेछ ।

१३. कोष तथा खाताः (१) कोषलाई लुम्बिनी विकास योजनाको लागि विश्वको कुनै पनि भागबाट कुनै पनि मुद्रामा चन्दा सङ्कलन गर्ने अधिकार हुनेछ ।

(२) कोषमा देहायका रकमहरू रहनेछन्:—

(क) श्री ५ को सरकारले योजनाको निमित्त प्रदान गरेको रकम,

(ख) नेपाल अधिराज्यभित्र वा बाहिरका व्यक्ति वा संस्थानहरूले योजनाको निमित्त प्रदान गरेको चन्दा,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको रकम नेपाल राष्ट्र बैंक र नेपाल अधिराज्यभित्र वा बाहिरका अन्य बैंकहरूमा कुनै पनि मुद्रामा जम्मा गर्न सकिनेछ ।

(४) कोषको तर्फबाट गर्नुपर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(५) कोषको खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१४. लेखा र लेखापरीक्षणः (१) कोषको आय-व्ययको लेखा तोकिएबमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा कोषको हिसाब किताबसम्बन्धी कागजात र अरू नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१५. अधिकार प्रत्यायोजनः सञ्चालक समितिले आफ्नो अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, योजना कार्यान्वयन समिति र अन्य समिति वा उपसमिति वा त्यस्तो समिति वा उपसमितिको प्रतिनिधिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. विनियम बनाउने अधिकारः यस ऐनको उद्देश्य पूर्तिको लागि सञ्चालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

१७. श्री ५ को सरकारसंग सम्पर्क : कोषले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा तथा संस्कृति मन्त्रालय मार्फत राख्नेछ ।

१८. करसम्बन्धी छूटः कोषको पूंजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको आय कर, घरजग्गा कर, सवारी साधन कर, व्याज कर, बिक्री कर, रजिष्ट्रेशन दस्तूर र भन्सार महसूललगायत सरकारी वा स्थानीय पञ्चायत तहबाट लगाउने कुनै पनि प्रकारका प्रत्यक्ष वा अप्रत्यक्ष कर, दस्तूर वा महसूल लगाइने छैन ।



• आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२३४

तर कुनै सेवा बापत लाग्ने शुल्क वा महसूल कोषले बुझाउने छ ।

१६. खारेजी र बचाउः (१) लुम्बिनी विकास समिति (गठन) आदेश, २०३२ खारेज गरिएको छ र सो आदेशबमोजिम गठित समितिको सबै चल तथा अचल सम्पत्ति कोषमा सर्नेछ ।

तर सो आदेशअन्तर्गत गठित लुम्बिनी विकास समिति दफा १२ को उपदफा (१) बमोजिम योजना कार्यान्वयन समिति गठन नहुञ्जेलसम्म कायम रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिसित भए गरेका सबै ठेक्का पट्टा तथा सम्झौताहरू कोषसित भए गरेको मानिने छ र सो समितिबाट भए गरेका सम्पूर्ण काम कारवाही कोषबाट भए गरेको मानिने छ ।

लालमोहर सदर मितिः— २०४२।५।१३।५

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

222

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।